# दोस्रो बैठक

आज मिति २०७९ साल असार १ गते बुधबारको दिन बिहान ११ बजे दिप्रुङ चुइचुम्मा गाउँपालिकाको गाउँ कार्यपालिकाको **दोस्रो** बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री **लोकेन्द्र राई** ज्यूको अध्यक्षतामा बसेको बैठकमा तपशील बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा तपशीलका प्रस्तावहरु उपर छलफल गरी निर्णय गरियो।

<u>उपस्थिति</u>

१. गाउँ कार्यपालिका अध्यक्ष श्री लोकेन्द्र राई

२. गाउँ कार्यपालिका उपाध्यक्ष श्री अरुणा थापा

३. वडा नं. १ का वडाध्यक्ष श्री केशव कुमार खत्री

४. वडा नं. २ का वडाध्यक्ष श्री बद्री कटुवाल

५. वडा नं. ३ का वडाध्यक्ष श्री भुपेन्द्र बस्नेत

६. वडा नं. ४ का वडाध्यक्ष श्री बबेन्द्र राई

७. वडा नं. ५ का वडाध्यक्ष श्री डम्बर बहादुर खड्का

८. वडा नं. ६ का वडाध्यक्ष श्री मिलन राई

९. वडा नं. ७ का वडाध्यक्ष श्री गन्धमान थापा

१०. गाउँ कार्यपालिका सदस्य श्री विमला परियार

११. गाउँ कार्यपालिका सदस्य श्री निर्मला श्रेष्ठ (मकाजु)

१२. गाउँ कार्यपालिका सदस्य श्री कृष्ण कुमारी राई

१३. गाउँ कार्यपालिका सदस्य श्री स्वास्तिका भुजेल

१४. गाउँ कार्यपालिका सदस्य श्री कला परियार

१५. गाउँ कार्यपालिका सदस्य श्री सुब्बा माझी

१६. प्रमुख प्रशासकीय अधिकृत (सदस्य-सचिव) श्री लोकेन्द्र बहादुर राई

**<u>प्रस्तावहरुः-</u>**

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम समिति गठन सम्बनधमा

२. दिप्रुङ चुइचुम्मा गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ बमोजिम कार्यपालिकाको विषयगत समिति गठन सम्बन्धमा

३. दिप्रुङ चुइचुम्माको पालिका गान सम्बन्धमा

४. गाउँ सभाको अधिवेशन सम्बन्धमा

५. विविध सम्बन्धमा

**निर्णयहरु:-**

**निर्णय नं. १**

प्रस्ताव नं. १ का विषयमा छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ को स्थानीय राजश्व परामर्श समिति र दफा ६६ को को स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिमा तपशील बमोजिमका समितिका संयोजक र सदस्यहरु रहने भनी सर्वसहमतमा निर्णय गरियो।

**तपशील:-**

**स्थानीय राजश्व परामर्श समिति**

संयोजक- गाउँ कार्यपालिका उपाध्यक्ष

सदस्य- प्रमुख प्रशासकीय अधिकृत

सदस्य- श्री भुपेन्द्र बस्नेत

सदस्य- श्री निर्मला श्रेष्ठ (मकाजु)

सदस्य- घरेलु तथा साना उद्योगसम्बन्धी मान्यता प्राप्त संसथाको गाउँतहको अध्यक्ष तथा अध्यक्षले तोकेको प्रतिनिधि

सदस्य- निजी क्षेत्रको उद्योग वाणिज्यसम्बन्धी मान्यता प्राप्त संसथाको गाउँतहको अध्यक्ष तथा अध्यक्षले तोकेको प्रतिनिधि

सदस्य सचिव- राजश्व इकाई प्रमुख

**स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति**

संयोजक- गाउँ कार्यपालिका अध्यक्ष

सदस्य- गाउँ कार्यपालिका उपाध्यक्ष

सदस्य- श्री मिलन राई

सदस्य- श्री गन्धमान थापा

सदस्य- श्री कला परियार

सदस्य- श्री कृष्ण कुमारी राई

सदस्य सचिव- प्रमुख प्रशासकीय अधिकृत

**बजेट तथा कार्यक्रम तर्जुमा समिति**

संयोजक- गाउँ कार्यपालिका उपाध्यक्ष

सदस्य- कार्यपालिकाका विषयगत समितिका संयोजकहरु

सदस्य- प्रमुख प्रशासकीय अधिकृत

सदस्य-सचिव- प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख

**निर्णय नं. २**

प्रस्ताव नं. २ का विषयमा छलफल गर्दा दिप्रुङ चुइचुम्मा गाउँपालिका गाउँ कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को दफा १५ बमोजिमका समितिमा तपशीलका संयोजक र सदस्यहरु रहने भनी सर्वसहमतमा निर्णय गरियो।

**सार्वजनिक सेवा तथा क्षमता विकास समिति**

संयोजक-श्री कला परियार
सदस्य- श्री निर्मला श्रेष्ठ
सदस्य- श्री बद्री कटुवाल

**आर्थिक विकास समिति**

संयोजक-श्री बबेन्द्र राई
सदस्य- श्री सुब्बा माझी
सदस्य- श्री स्वास्तिका भुजेल

**सामाजिक विकास समिति**

संयोजक-श्री भुपेन्द्र बस्नेत
सदस्य- श्री बद्री कटुवाल
सदस्य- श्री कृष्ण कुमारी राई

**पूर्वाधार विकास समिति**

संयोजक-श्री मिलन राई
सदस्य- श्री डम्बर बहादुर खड्का
सदस्य- श्री विमला परियार

**वातावरण तथा विपद् व्यवस्थापन समिति**

संयोजक-श्री स्वास्तिका भुजेल
सदस्य- श्री कृष्ण कुमारी राई
सदस्य- श्री सुब्बा माझी

**विधेयक समिति**

संयोजक-श्री गन्धमान थापा
सदस्य- श्री भुपेन्द्र बस्नेत
सदस्य- श्री केशव कुमार खत्री

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ को सम्बन्धमा छलफल गर्दा दिप्रुङ चुइचुम्मा गाउँपालिकाको आफ्नै पालिका गान निर्माणको लागि मिति २०७९/२/१९ को कार्यपालिका बैठकले निर्णय गरी राष्ट्रिय गानका रचनाकार श्री प्रदिपकुमार राई (व्याकुल माईला) संयोजक, श्री मिलन राई (वडा नं. ६ का

वडाध्यक्ष) सदस्य र श्री देवेन्द्र ओनेम राई (सूचना प्रविधि अधिकृत) सदस्य भएको पालिका गान छनौट समितिले जम्मा दश (१०) वटा रचना प्राप्त भएकोमा सर्वोत्कृष्ट रचना मिति २०७९/२/२८ गते पालिका गानको लागि श्री गोपालचन्द्र राईको तपशीलका रचनालाई पालिका गानको लागि सिफारिस भए अनुसार सर्वसहमतमा निर्णय गरियो।

तपशील:

वीरहरुका सन्तान हामी हिम्मतिलो नेपाली ।
बहुल जाति बहुल भाषी दिप्रुङ चुइचुम्माली ।।

संस्कृतिको धनी दिप्रुङ खोटाङ्गेको सान ।
अति सुन्दर धिप्लुङ झरना प्रकृतिको बरदान ।।

सातै प्रदेश सातै वडा साथै समावेशी ।
एकताको माला भित्र दिप्रुङ चुइचुम्माली ।।

पालिकाको नदी नाला लेकै हरियाली।
आत्मा निर्भर हुनुपर्छ दिप्रुङ चुइचुम्माली।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ को सम्बन्धमा आ.व. २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने र बजेट तथा कार्यक्रम वक्तव्यको लागि दिप्रुङ गाउँपालिकाको गाउँ सभाको ११ औ अधिवेशन यही मिति २०७९/०३/०९ गते बिहीबार दिउसो १ बजे बस्ने भनी सर्वसहमतमा निर्णय गरियो।

**निर्णय नं. ५**

प्रस्ताव नं. ४ विविध सम्बन्धमा समितिहरुको बैठक तपशिल समय तालिकामा गर्ने भनी सर्वसहमतमा निर्णय गरियो।

| क्र.सं. | समिति | मिति | समय |
|---|---|---|---|
| १. | राजश्व परामर्श समिति | २०७९/३/१ | बेलुका ६ बजे |
| २. | स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति | २०७९/३/२ | बिहान ८ बजे |
| ३. | वडा तथा वडास्तरीय योजना पहिचान र प्राथमिकीकरण बैठकबाट योजना पठाउनुपर्ने | २०७९/३/४ देखि २०७९/३/६ | २०७९/३/६ गते ५ बजेसम्म |
| ४. | विषयगत समिति | २०७९/३/१ | |
| ५. | कार्यक्रम तथा बजेट तर्जुमा समिति | २०७९/३/६ | बिहान ११ बजे |
| ६. | कार्यपालिकाको बैठक | २०७९/३/८ | बिहान ११ बजे |

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत